९. **<u>छनौट परीक्षाः</u>** (१) प्रारम्भिक योग्यताक्रमको सूचीमा परेका उमेदवारहरुमध्येबाट रिक्त पदमा रोजगार संयोजक छनौट गर्न ५० पूर्णाङ्कको सेवा सम्बन्धी विषय र ५० पूर्णाङ्कको कम्प्युटर सम्बन्धी विषयको छुट्टा छुट्टै परीक्षा लिइनेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षामा सहभागी उमेदवारले उतीर्ण हुन प्रत्येक विषयमा कम्तिमा ४० प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रत्येक विषयको परीक्षाको समय ३० मिनेटको हुनेछ ।

(४) छनौट परीक्षामा सहभागी उमेदवारले अनुसूची २ बमोजिमको प्रवेशपत्र साथमा लिई आउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको परीक्षाको पाठ्यक्रम देहाए अनुसार हुनेछः

**(क) सेवा सम्बन्धी**

१. रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हकसम्बन्धी नियमावली, २०७५,
२. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ र कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७६

३. बेरोजगारी, गरिबी निवारण र रोजगारी सिर्जनाका उपायहरु र स्थानीय तहमा रोजगारी सिर्जनाका क्षेत्र, सम्भावना तथा चुनौतीहरु,

४. सार्वजनिक निर्माण कार्यक्रम (Public Works Programme) मार्फत रोजगारी सिर्जना र कामका लागि पारिश्रमिक (Cash for Work) को अवधारणा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र चुनौतीहरु,

५. रोजगारी सिर्जनामा सरकार, निजी क्षेत्र, सहकारी क्षेत्रको भूमिका र यस्ता क्षेत्रहरुबीचको सहकार्य र साझेदारी,

६. स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रकृया,

७. स्थानीय तहको बजेट तर्जुमा प्रकृया, खर्च व्यवस्थापन र लेखा परीक्षण प्रणाली,

८. स्थानीय विकास तथा सेवा प्रवाह प्रक्रियामा जनसहभागिता, पारदर्शीता र उत्तरदायित्व,

९. सामाजिक परिचालन, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण तथा गुनासो व्यवस्थापन, र

१०. आचरण तथा अनुशासन, नैतीकता, सदाचार र भ्रष्टाचार नियन्त्रण ।

## (ख) कम्प्युटर सम्बन्धी

1. Computer fundamental
2. Operating System
3. Word processing
4. Electronic spreadsheet
5. Database management system
6. Presentation system